सॉगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

प.सं.:०७८/०७९
च.नं.:

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal
मिति: २०७८/०८/२४

## सूचना !!!! सूचना !!!! सूचना !!!!

विषयः मतदाता नामावली संकलन तथा अद्यावधिक सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सॉगुरीगढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भेडेटार,धनकुटामा यही मिति ***२०७८ मंसिर २८ गते देखि पौष ८ गते सम्म*** मतदाता नामावली संकलन कार्यक्रम सञ्चालन हुन गइरहेको हुँदा मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनका लागि तपशिलको समय र कागजात सहित यस गाउँपालिकाको मतदाता दर्ता स्थलमा उपस्थित भई मतदाता नामावलीमा नाम दर्ता गर्नुहुन सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

| सि न | मिति | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | २०७८/०८/२८ र २०७८/०८/२९ | १ र २ | नामावली संकलन कार्यलाई सहजताका लागिवडा अनुसार बिभाजन गरिएतापनि मंसिर २८ गते देखि पौष ८ गते सम्म योग्यता पुगेका नागरिक यस कार्यालयमा उपस्थित भई आफ्नो नाम समावेश गर्न सक्नुहुनेछ । |
| २ | २०७८/०९/०१ र २०७८/०९/०२ | ३ र ४ | |
| ३ | २०७८/०९/०३ र २०७८/०९/०४ | ५ र ६ | |
| ४ | २०७८/०९/०५ र २०७८/०९/०६ | ७ र ८ | |
| ५ | २०७८/०९/०७ र २०७८/०९/०८ | ९ र १० | |

आवश्यक कागजातहरु

- *नेपाली नागरिकताको सक्कलै प्रमाणपत्र*
- *नागरिकतामा उल्लेख भएको स्थायी ठेगाना भन्दा फरक स्थानको मतदाता नामावलीमा नाम समावेश गर्न चाहेको भए बसाईसराई प्रमाणपत्र ( एउटै स्थानीय तहभित्रको फरक वडामा बसाईसराई भएको हकमा पनि बसाईसराई प्रमाणपत्र अनिवार्य )*
- *विवाह भई आएकोमा विवाहको प्रमाणपत्राको प्रतिलिपि*

पुनश्चः

*एक पटक फोटो सहितको मतदाता परिचयपत्रका लागि फोटो खिचाई सकेका नागरिकले पुनः फोटो खिचाउन आवश्यक पर्दैन*

*प्रचलित नियमानुसार स्थायी ठेगानाका लागि सम्बन्धित वडा कार्यालयको सिफारिसलाई प्रमाणको आधार मानिने छैन ।*

अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "दर्ता किताब" भन्नाले पञ्जीकरण तथा नागरिक अभिलेख राख खडा गरिएको अभिलेख दर्ता पुस्तिका सम्झनु पर्छ र सो शब्दले आधुनिक सूचना प्रविधिको प्रयोग गरी निर्माण गरिएको तथ्याङ्क भण्डारलाई समेत जनाउँछ।

(ङ) "पञ्जीकरण" भन्नाले नागरिकको परिचय खुल्ने गरी अभिलेख राखे तथा व्यक्तिगत घटना दर्ता गर्ने कार्य सम्झनु पर्छ।

(च) "पञ्जिकाधिकारी" भन्नाले दफा १७ अनुसारको पञ्जिकाधिकारी (रजिष्ट्रार) सम्झनु पर्छ।

(छ) "परिचय नम्बर" भन्नाले दफा ६ बमोजिम प्रदान गरिएको राष्ट्रिय परिचय नम्बर सम्झनु पर्छ।

(ज) "परिचयपत्र" भन्नाले दफा ९ बमोजिम प्रदान गरिएको राष्ट्रिय परिचयपत्र सम्झनु पर्छ।

(झ) "परिचयपत्र प्राप्त गर्न योग्य व्यक्ति" भन्नाले दफा ४ बमोजिम योग्यता पुगेको व्यक्ति सम्झनु पर्छ।

(ञ) "बसाईं सराइ" भन्नाले नेपालभित्र एक स्थानीय तहबाट अर्को स्थानीय तहको क्षेत्रमा वा एउटै स्थानीय तहको एक वडाबाट अर्को वडामा स्थायी रुपमा बसाईं सर्ने कार्य सम्झनु पर्छ र सो शब्दले विदेशमा बसाईं सरी जाने वा विदेशबाट बसाईं सरी नेपालमा आउने कार्य तथा एक सय असी दिनभन्दा बढी अवधिको लागि अस्थायी रुपमा बसाईं सर्ने कार्यलाई समेत जनाउँछ।

(ट) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ।

(ठ) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय